स्वागत भाषण

सर्वप्रथम,

१. **निजी क्षेत्रको संघीय प्रतिनिधिमुलक संस्था नेपाल उद्योग वाणिज्य महासंघको ५० औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस २०७२ को यस गरिमामय अवसरमा सबैमा हार्दिक शुभकामना प्रकट गर्न चाहान्छु । साथै सबै नेपाली उद्यमी व्यवसायीको उत्तरोत्तर प्रगति एवं सफलताको कामना गर्दछु ।**

२. आज यहां उपस्थित सबै विशिष्ट अतिथिगण एवं सहकर्मी प्रतिनिधि साथीहरुको स्वागत अभिवादन गर्दछु ।

३. निजी क्षेत्रलाई माया गरेर आफ्नो अतिनै व्यस्त कार्यतालिकाबाट समय निकालेर हाम्रो निमन्त्रणालाई स्वीकार गरी निजी क्षेत्रको प्रतिनिधिमुलक संस्था यस महासंघको वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवसको समुद्घाटन समारोहमा पाल्नु भएका आजका प्रमुख अतिथि सम्माननीय

प्रधानमन्त्रीज्यूमा नेपालको सम्पूर्ण निजी क्षेत्रको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहान्छु ।

४. समुद्घाटन समारोहमा पाल्नु भएका माननीय मन्त्रीज्यूहरु, सांसदज्यूहरु, विशिष्ट अतिथिज्यूहरु, महामहिमज्यूहरु, कुटनीतिक नियोगका प्रमुखज्यूहरु, संवैधानिक अंगका प्रमुखज्यूहरु, राजनीतिक दलका नेताज्यूहरु, नेपालको विकासका साझेदार संस्थाका प्रमुखज्यूहरु, उच्चपदस्थ सरकारी अधिकृतज्यूहरु, ट्रेड यूनियनका नेताज्यूहरु, उद्योग व्यवसाय क्षेत्रका अग्रजहरु, प्रमुख अर्थविदहरु, महासंघका पूर्व अध्यक्षज्यूहरु, विशिष्ट सदस्यज्यूहरु, कार्यकारिणी समितिका साथीहरु, पूर्व पदाधिकारीज्यूहरु, अन्य विशिष्ट व्यक्तिहरु, पत्रकार मित्रहरु, सम्पूर्ण अतिथिगण तथा प्रतिनिधि साथीहरु सबैमा हार्दिक स्वागत अभिवादन टक्र्याउँछु ।

५. विभिन्न जिल्ला/नगर उद्योग वाणिज्य संघहरु, वस्तुगत संघहरु, द्विर्राष्ट्रिय उद्योग वाणिज्य संघहरुबाट यस सभामा भागलिन पाल्नु भएका अध्यक्षज्यूहरु, प्रतिनिधि साथीहरु र एशोसिएट्स सदस्य कम्पनीको प्रतिनिधित्व गर्ने कम्पनी प्रमुख एवं

प्रतिनिधिहरुमा महासंघको सिंगो कार्यकारिणी समितिको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

६. निजी क्षेत्रको संगठित प्रयासको पचास वर्ष पुगेको यस अवसरमा नेपाल उद्योग वाणिज्य महासंघको संस्थागत विकासका सम्बन्धमा भर्खरै यहां प्रस्तुत वृत्तचित्रबाट महासंघको देशव्यापी संगठन संरचना एवं वृहद अन्तर्राष्ट्रिय संजाल वारे अवगत गराई सकिएको छ ।

७. करिव ५ दशकको अनवरत यात्रामा महासंघले नीतिनिर्माणको काममा सरकारको वलियो साझेदार बन्ने प्रयास गऱ्यो । औद्योगिक, व्यवसायिक, वाणिज्य, पारवहन, श्रम लगायतका ऐन कानूनहरुको निर्माणमा सरकारलाई प्रत्यक्षरुपमा सहयोग गऱ्यो । दुई देश बीचको कोशेढुंगा हुन पुगेको सन् १९९६ को नेपाल भारत बीचको व्यापार तथा पारवहन सन्धी हुनुमा महासंघको उल्लेख्य भूमिका रह्यो । उद्योग प्रतिष्ठानहरुलाई राजनीतिबाट टाढा राख्ने सम्बन्धमा महासंघ र राष्ट्रिय ट्रेड युनियनहरु बीच एक प्रकारको सहमती निर्माण गर्न महासंघ सफल भयो । विक्रम सम्वत २०४२ सालमा आफ्नो विधानमै रोजगारदाता

परिषद्को व्यवस्था गरि अन्तर्राष्ट्रिय रोजगारदाता संगठनको सदस्यता एवं अन्तर्राष्ट्रिय श्रम संगठनसंग सम्बन्धन प्राप्त गऱ्यो । एउटा सानो भाडाको कोठाबाट कार्य सेवा प्रारम्भ गरेको महासंघ यतिवेला आफ्नै सुविधासम्पन्न भवनबाट पछिल्लो आधुनिक प्रविधिको प्रयोग मार्फत सेवा दिन तथा अधिकांश आफ्ना साधारण सदस्यहरुलाई भौतिक पूर्वाधारयुक्त बनाउन सफल भएको छ ।

८. आज हामी परिवर्तनको संवाहकको रुपमा अगाडी आएका छौं र त्यसको कुशल व्यवस्थापन निजी क्षेत्रको संघीय प्रतिनिधिमुलक संस्था नेपाल उद्योग वाणिज्य महासंघले गरेको छ । परिवर्तन रुपी डुंगामा हामी सवै एकैसाथ सवार छौं । गएको ५० वर्षमा महासंघले जुन उचाई हासिल गरेको छ, त्यो दरिलो जगविना सम्भव थिएन । महासंघलाई आजको अवस्थासम्म ल्याई पुऱ्याउन आफ्नो वुद्धि, विवेक, मेहनत, पसिना बगाउनु हुने हाम्रा सवै ज्ञात अज्ञात अग्रजहरुको हार्दिक स्मरण गर्दछु । म यस अवसरमा सिंगो कार्यकारिणी समितिको तर्फबाट, उहांहरुको मार्ग निर्देशन अनुसार यस संस्थालाई अझ बढी

सशक्त रुपमा अगाडी बढाउन प्रतिवद्धता जाहेर गर्दछु । साथै मुलुकको आर्थिक विकासलाई मार्गनिर्देशन गर्ने हाम्रा अग्रजहरुको योगदानको उच्च सम्मान गर्दछु ।

९. महासंघका कार्यक्रमहरुमा नेपाल सरकार, सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरु, प्रमुख राजनीतिक दल तथा तीनका नेताहरु, सरकारका उच्च पदस्थ अधिकृतहरुज्यूबाट प्राप्त साथ र सहयोगको पनि स्मरण गर्दछु ।

१०. मुलुकको सामाजिक आर्थिक विकासको निमित्त हामीबाट थालिएका सवै काम र कार्यक्रम प्रति समाजका विविध क्षेत्रबाट प्राप्त सकारात्मक प्रतिक्रिया एवं सहयोगका लागि सम्बन्धित सवैमा हार्दिक धन्यवाद चढाउदंछु । हामीलाई सहयोग र समर्थन गर्ने सबैप्रति हृदय देखिनै आभार व्यक्त गर्दछु ।

११. हाम्रा गतिविधिहरुको प्राथमिकताका साथ आफ्ना संचार माध्यमवाट प्रचार प्रसार गर्नुभई निरन्तर सहयोग पुऱ्याउने सवै संचार गृह एवं सम्पूर्ण संचारकर्मी साथीहरुप्रति महासंघको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु । उहाँहरुको सहयोग र सद्भावको महासंघ उच्च कदर गर्दछ ।

१२. मुलुकका लागि ज्यादै नै महत्वपूर्ण समयमा महासंघको यो साधारण सभा आयोजना भएको छ । नेपाली जनताले चुनेका प्रतिनिधिद्वारा निर्माण गरिएको संघीय गणतन्त्र नेपालको नयां संविधानको कार्यान्वयन यतिखेर मुलुकको प्रमुख एजेण्डा बन्दै छ । संविधान जारी हुनुपूर्व र जारी भएपछि निकै लामोसमयको आन्दोलनका कारण मुलुकले निकै धेरै गुमाइसकेको छ । संविधान जारी भएपछि पनि मुलकभित्र राजनीतिक अस्थिरता र अन्योलको अन्त्य हुन सकेको छैन । वृहत्तर नेपालीको भावनालाई समेटेर नयां संविधानलाई जतिसक्दो छिटो पूर्ण कार्यान्वयनमा लैजाने गुरुत्व जिम्मेवारी सरकार तथा प्रमुख राजनीतिक दलहरुको कांधमा आएको छ । निजी क्षेत्र, नयां संविधानको ढांचा अनुसार तयार गरिने आर्थिक संरचनाहरुमा सहयोग गर्न हरहमेसा तयार रहेको विश्वास दिलाउंछु ।

१३. अर्थतन्त्रका परिसूचकहरु ओरालो लागिरहेको अवस्था छ । भर्खरै एशियाली विकास बैंकले गरेको प्रक्षेपणले नेपालको यो वर्षको आर्थिक वृद्धिदर १.५ प्रतिशतमा खुम्चने देखाएको छ । आयातको तुलनामा निर्यातको अवस्था गिर्दो छ । व्यापार घाटा उच्च

दरमा वृद्धि भई आयात निर्यात अनुपात करिव ९:१ को हाराहारीमा पुगेको छ । विनासकारी भुकम्प लगत्तै मुलुककै इतिहासमा सवैभन्दा लामो तराई आन्दोलन, अघोषित नाकावन्दी आदिका कारण उद्योग व्यवसाय र मुलुकको समग्र अर्थतन्त्रमा पारेको असर यी सूचकले देखाउने भन्दा पनि कहाली लाग्दा छन् । कठिनतम परिस्थितिमा पनि मुलुकलाई भरथेग गरिरहेका उद्योगी व्यवसायीहरुका लागि यो अवस्था अत्यन्त असहज, संवेदनशील र पीडादायक बनिरहेको छ ।

१४. यस्तो कठिन अवस्थामा मुलुकभित्र के गर्दा, काम गरी खाने वातावरण बनाउन सकिन्छ, कसरी जर्जर रहेका उद्योग व्यवसायलाई पुनः संचालनमा ल्याउन सकिन्छ, के गर्दा हाम्रा निर्यातयोग्य वस्तुहरुको विकास मार्फत निर्यात बढाउन सकिन्छ, नेपाललाई समृद्ध मुलुकका रुपमा रुपान्तरण गर्ने सम्माननीय प्रधानमन्त्रीज्यूको सपनालाई साकार बनाउन सकिन्छ ती विषयलाई “आम वहस“ को विषय वनाइयोस भन्ने हाम्रो चाहना हो ।

१५. आर्थिक विकासको मेरुदण्ड निजी क्षेत्रनै रहेको कुरालाई अव हामीले भनिरहन परेन । निजी क्षेत्रनै विकासको इन्जिन हो भन्ने विश्वव्यापी रुपमा स्थापित भैसकेको मान्यता हो । नेपालको सन्दर्भमा पनि निजी क्षेत्रले अर्थतन्त्रमा ७० प्रतिशत योगदान दिइरहेको परिप्रेक्षमा सरकारले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोणमा आमूल परिवर्तनको अपेक्षा हामीले गरेका छौं । मुलुकभित्र उद्योग व्यवसाय स्थापना गरि अर्वौको लगानी गरेका, रोजगारी सृजना र सरकारको राजस्वमा समेत योगदान दिइरहेका उद्यमी व्यवसायीहरुलाई कसैको उक्साहट, स्वार्थका कारण उछालिएका स-साना विषयलाई समेत ठूलो मुद्दा बनाई भएका कतिपय गतिविधिबाट निजी क्षेत्र अत्यन्त मर्माहित भएको छ ।

१६. खुला वजारमा वस्तुको मुल्य फरक फरक हुन सक्दछ । पांचतारे होटलमा रु. ५०० पर्ने चिया त्यही होटलको वगलमा रु. २० मा पनि पाइन्छ । कतै रु. २० मा पाइने एक वोटल पानीको कुनै ठाउंमा रु. १५० पनि तिर्नु पर्दछ । मूल्य बढी लिएको ठाउंमा दिइने सेवा र वस्तुको गुणस्तरलाई पनि भुल्न हुदैन । बजार अर्थतन्त्रमा वस्तु र सेवाको मूल्य माग र

आपूर्तिको आधारमा निर्धारित हुनु अर्थशास्त्रको नियमनै हो । स्थान र सिजन अनुसार मुल्य फरक हुन सक्दछन् । प्रतिस्पर्धी वजारमा कायम मुल्यनै न्यूनतम र दीगो हुन्छ । त्यसले नै उत्पादक र उपभोक्ता दुवैको हीत गर्दछ । प्रतिस्पर्धात्मक मुल्य नहुने हो भने त्यो क्षणिक हुन्छ र वस्तुहरु समेत हराएर जान्छन् । बजारमा विक्री हुने वस्तुको गुणस्तर, विक्री मूल्य आदिका वारेमा अनुगमन गर्ने निहुमा खास उद्योगी व्यवसायीलाई लक्षित गरी छापा मार्ने र स्थितिलाई बढाईचढाई प्रस्तुत गरि दुःख दिने र व्यवसायनै सिध्याउने गरि कार्वाही अघि वढाउने काम भईरहेका छन्, यसले कतै सरकार, नियन्त्रित अर्थव्यवस्था तर्फ उन्मुख त हुंदै छैन भन्ने गम्भीर आशंका पैदा गरेको छ ।

१७. केही औद्योगिक व्यवसायिक घराना माथि राज्यपक्षबाट भएका धरपकड, थुन छेकले व्यवसायीको मानमर्दन भएको छ । व्यवसायीका गोदाममा शील लागेका छन् । सामान कुहिएका छन् । गम्भीर अपराधीलाई पकड न त, अदालत वा सरकारी वकिलबाट वारेन्ट वा पक्राउ पूर्जि जारी गराउनु पर्दछ तर उद्योगी व्यवसायीको विना कुनै पूर्जी छापा मारिन्छ, थुनछेक

गरिन्छ र व्यवसायनै तहसनहस पार्ने काम हुन्छ । यो कस्तो मनोमानी ?

१८. अत्यन्त दुख कष्ट, वाधा खेपेर उद्योग व्यवसाय संचालन गर्ने हामी उद्यमी व्यवसायीले के त्यस्तो पाप गर्‍यौं जसको फल आज हामी भोग्न वाध्य भएका छौं, सम्माननीय प्रधानमन्त्रीज्यू, हाम्रा उद्योग परिसरमा कहिलेसम्म यो नियति ?

१९. कानूनको वर्खिलाप गर्नेको संरक्षण गरिनु पर्दछ भन्ने हाम्रो भनाई कदापी होइन । जसले कानूनको उल्लंघन गर्दछ, लाभका लागि जनताको स्वास्थ्यसंग खेलवाड गर्दछ, त्यस्तालाई सत्यतथ्यका आधारमा कारवाही गर्न निजी क्षेत्र पनि सरकारको साथमा छ । तर वास्तविकतानै अध्ययन तथा छानवीन नगरी, व्यवसायीलाई पर्याप्त सफाइको मौका समेत नदिई कसैको वहकाव, उक्साहटमा एकाएक छापा मार्ने र कालोवजारीको विल्ला भिराई नियन्त्रणमा लिने, मुद्दा चलाउने सरकारी रवैया प्रक्रियागत ढंगले त्रुटिपूर्ण मात्र होइन प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुन्छ भन्ने हाम्रो धारणा हो र यस्तो कार्य रोक्न जोडदार माग गर्दछौं ।

२०. राज्यपक्षबाट केही समययता भएका अप्रत्यासित घटनाहरुलाई पृष्ठभूमीमा राख्दै, म यस अवसरमा केही तर तत्काल सरकारका तर्फबाट थालिनु पर्ने पहलकदमीका विषयमा वुंदागतरुपमा राख्ने अनुमती चाहान्छु ।

सम्माननीय प्रधानमन्त्रीज्यू,

२१. मुलुकमा अहिले पनि लगभग ६ दशक अगाडी वनेको अत्यन्त नियन्त्रणमुखी कालो वजारी ऐनलाई अगाडी सारेर सरकारले उद्यमी व्यवसायी माथि कारवाही गरिरहेको छ । पुरानो ऐनका कारण उद्योग व्यवसाय क्षेत्रले आफूलाई राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा खरो उतार्न असमर्थ भैरहेका छन् । आपूर्ति प्रणालीलाई व्यवस्थित गर्न समस्या परेको तथा ऐनको परिभाषानै त्रुटीपूर्ण रहंदा उद्योग व्यवसायले आफ्ना उत्पादन तथा वस्तुहरु स्टक राख्न र मुल्य निर्धारण गर्न समस्या भएको छ । कुनै पनि वेला कुनै पनि उद्योगी व्यवसायीलाई यस ऐन अन्तरगत थुनछेक गर्न सकिने व्यवस्था भएकोले जवसम्म उक्त व्यवस्था यस ऐनबाट खारेज हुदैन तवसम्म उद्योगी व्यवसायीमा आशंका र त्रासको वातावरण व्याप्त भैरहन्छ । वदलिंदो

परिस्थिति, विश्व वजारमा आएको ठूलो परिवर्तन तथा अन्तर्राष्ट्रिय व्यवसायिक प्रतिस्पर्धा समेतलाई मनन गरि उक्त ऐनलाई जतिसक्दो छिटो अध्यायदेश मार्फतनै भएपनि संशोधन गरियोस ।

२२. सरकारले कानुन उल्लंघनको नाउंमा उद्योगी व्यवसायीलाई नियन्त्रणमा लिनु अगाडी उनीहरुलाई पर्याप्त स्पष्टीकरणको मौका दिइनु पर्ने हाम्रो माग छ । कसैलाई कुनै कानून उल्लंघनको नाउंमा धरपकड गर्नु अघि उसको कसुर प्रमाण नहुन्जेल सम्मका लागि जमानतको व्यवस्था हुनुपर्दछ । साथै अन्य मुलुकमा भएजस्तै नेपालमा पनि अग्रिम जमानत (Anticipatory bail) को समेत व्यवस्था हुनुपर्दछ ।

२३. विभिन्न वाहनामा उद्यमी व्यवसायीहरु माथि मुद्दामामला लगाउने कार्य अहिले पनि रोकिएको छैन । व्यवसायीका हजारौं मुद्दाहरु वर्षौंदेखि अदालतमा विचाराधिन रहेका छन् । करको मुद्दामा ५० प्रतिशत धरौटी राख्नु पर्ने व्यवस्थाले अदालतमा जान समेत सकिरहेका छैनन । ढिलो गरि दिइने न्याय, न्याय नदिनु सरह हो । Justice delayed is justice denied ।

यसर्थ माथिल्लो अदालत जानु नपर्ने व्यवसायीका मुद्दाहरुलाई तल्लो अदालतबाटै छिनोफानो गर्ने र यसका लागि छुट्टै व्यवसायिक अदालत (Commercial Court) को विशेष व्यवस्था हुन सकेमा न्याय प्रणालीलाई चुस्तदुरुस्त बनाउन सकिने छ ।

२४. सरकारको वलियो उपस्थितिको महशुस आम जनतामा यद्यपी हुन सकेको छैन । आम जनता सदैव वलियो सरकारकै पक्षमा हुन्छन् । पछिल्लोपटक सरकारको वलियो उपस्थितिको अभावबाट खेप्नु परेको सास्तीका वारे सवैले अनुभव गर्नुपर्‍यो । पेट्रोल नपाएर खेप्नु परेको पीडा होस वा ग्यांस नहुंदा घरको चुल्हो नवलेर भोकभोकै वस्नु परेको पीडा, अस्पतालनै जान नसकेर घरआंगनमै आफन्त गुमाउनु परेको पीडा, सम्पूर्ण नेपालीले भोगेको सरकारको वलियो उपस्थितिको अभावको पीडा हो । हरेक कुरामा भीड समूह हावी हुने गरेको यथार्थ हो । स्थानीय विकास निर्माणमा उत्पन्न विवाद समाधानमा होस वा आम जनताको दैनिक सरोकारका विषय, स्थानीय प्रशासनबाट राजनीतिक संयन्त्र गुहार्ने पद्धती विकास हुंदै जांदा

हरकुरामा राजनीति हावी हुन गयो । देशको शासन व्यवस्था कानूनले चलाउने हो कि, सर्वदलीय संयन्त्र ले । अतः राजनीतिक संयन्त्र गुहार्ने पद्धतीको आजैबाट अन्त गरि कानूनी राज्यको अनुभूती हुने व्यवस्था गरियोस ।

२५. आर्थिक सामाजिक रुपान्तरणमा सुशासन सवैभन्दा महत्वपूर्ण पक्ष हो । जनधनको सुरक्षा, पारदर्शी ऐन कानून, कानूनको साशन, पर्याप्त तथा समयमा सरकारी सेवा आपूर्ति, विवादहरुको समयमै छिनोफानो, पारदर्शी तथा सर्वसुलभ न्याय सेवा, स्वच्छ व्यवसाय समृद्धिका आधारभुत आवश्यकता हुन । निजी क्षेत्र आम जनमानसमा सुसाशनको प्रत्याभुतिका लागि आग्रह गर्दछ । सामाजिक रुपान्तरणका लागि भ्रष्टाचार नियन्त्रण, पारदर्शी शासन प्रणाली, नियम कानून, पद अनुसारको जिम्मेदारीको स्पष्ट रुपमा किटान गरिनु पर्दछ भन्ने हाम्रो माग हो । सम्माननीय प्रधानमन्त्रीज्यूबाट सदैव व्यक्त भैआएको भ्रष्टाचारमा शुन्य सहनशीलताको नीतिको हामी व्यवहारत कार्यान्वयन भएको हेर्न चाहान्छौं ।

२६. मुलुकको विकास निर्माणमा निजी क्षेत्रले सरकारलाई सधै साथ र सहयोग दिंदै आएको छ । दश वर्षे द्वन्दकालमा राज्यको उपस्थिति करिव करिव शुन्य रहेको ठाउंमा समेत महासंघले आफ्नो संजाल मार्फत जनताको सेवा गरेकै हो । बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपका वखतमा होस वा विनासकारी भुकम्पको विपत्तिमा जनतालाई राहत दिने कार्यमा, महासंघ, रातोदिन लागेकै हो । निजी क्षेत्र भनेको राज्यको ढुकुटीमा सहयोग गर्ने, रोजगारी सृजनामा सहयोग गर्ने, सरकारलाई लगानी नगरि प्रतिफल दिने साझेदार पनि हो । निजी क्षेत्रलाई सदैव वलियो साझेदारको रुपमा लिने अभ्यास संसारमै छ तर हाम्रोमा निजी क्षेत्रप्रति सरकारको हेर्ने दृष्टिकोणमा आमुल परिवर्तन आवश्यक छ । अर्थतन्त्रको महत्वपूर्ण हिस्सा ओगटेको निजी क्षेत्रलाई सरकारी व्यवहारले शंकाको घेरामा पार्ने परिस्थितिको अन्त्य आजैबाट गरियोस ।

२७. उर्जा संकट समाधानका लागि सरकारबाट १० वर्षे योजना आएकोमा हामी स्वागत गर्दछौं तर विगतकै जस्तो त्यो केवल घोषणामै सिमित हुने र कार्यान्वयनमा नजाने नियति फेरी

भोग्न नपरोस भन्ने हाम्रो जोड छ । हालको अवस्थामा सौर्य उर्जाबाट प्राप्त विजुलीको पीपीए रु. ९.६१ प्रतियुनिट र भारतबाट आयातित विजुलीको मुल्य प्रतियुनिट रु ७.८० मा हुंदै आएको छ । तर नेपालमै उत्पादित जलविद्युतको हकमा प्रतियुनिट रु. ५.४० पैसा मात्र दिइने गरिएको छ । सरकारबाट कुनै किसिमको वित्तिय प्रोत्साहनको प्याकेज (Financial incentive Package) दिने हो भने बन्दै गरेका जलविद्युत परियोजनाहरुलाई निर्धारित समयमै सम्पन्न गर्न थप प्रोत्साहन मिल्ने हाम्रो धारणा हो । मन्त्रिस्तरीय बैठकबाट पारित भएता पनि जलविद्युत विकासमा भ्याट लगायतका विषयहरु अहिले पनि नटुंगिएकाले सरकारले यस्ता महत्वपूर्ण कार्यमा छिटोछरितो माध्यम अपनाउनु पर्ने हाम्रो सुझाव छ ।

२८. उर्जा यस्तो क्षेत्र हो जसमा निश्चित समय पछि उक्त परियोजना राज्यलाइनै हस्तान्तरण हुनेछ । तर यहां कुनै पनि परियोजनाको परिकल्पनापूर्वनै स्थानीय क्षेत्रमा हुने अतिराजनीति र स्थानीय जनताको नाउंमा कुनै अमूक समूह वा वर्गबाट अगाडी सारिने, अनि पुरा गर्नै नसकिने मागहरुका कारण

स्वदेशी एवं विदेशी लगानी आउन सकेको छैन । अरुण तेस्रो, माथिल्लो कर्णाली जस्ता परियोजनाहरु निर्धारित समयमा बन्ने वातावरण नवन्दा राज्यलाई हुने अर्वौं आम्दानीको नोक्सानी भैरहेको छ ।

२९. मुलुककै आमूल परिवर्तनका लागि सहयोगी हुने राष्ट्रिय गौरवका पंचेश्वर लगायतका आयोजनाहरुलाई तत्काल अगाडी बढाउने सम्बन्धमा सम्पूर्ण राजनीतिक दलहरुले मन, वचन, र कर्मले ऐक्यवद्धता जाहेर गर्दै स्थानीयस्तरमा हुने अराजक गतिविधि नियन्त्रण गर्ने सरकारी प्रयासमा साथ र सहयोग दिनै पर्दछ ।

३०. चर्को लोडसेडिङ हाम्रा विकासको वाधक भएको छ । घर, अस्पताल, प्याथालोजि ल्याव, स्कूल तथा कलेज, कर्पोरेट अफिस, कार्यालय, आदि सवै विद्युतको अभावले पिडित छन् । भरपर्दो र नियमित विद्युत आपूर्तिको अभाव तथा इन्धनमा आत्मनिर्भर नहुंदाको पिडा त हामीले केही महिना अघिमात्र भोगिसक्यौं र उक्त अवस्था अव फेरी नआउला भनेर ढुक्क भएर वस्ने अवस्था अझै छैन ।

३१. अहिले पनि हाम्रो आयातको सूचीमा पेट्रोलियम पदार्थको आयात अग्रपंक्तिमा रही आएको छ । हाम्रो सवै निर्यातबाट आउने रकम भन्दा बढी त हामी इन्धन आयात गर्न खर्च गर्दछौं । यदि हामीसंग विद्युतको नियमित आपूर्ति भएको भए अर्वौं नेपाली रुपैयाँ वरावरको पेट्रोलियम पदार्थको आयातमा कमी गर्न सकिन्थ्यो । तर हाम्रो विडम्वना नत हामी विद्युतमा आत्मनिर्भर बन्न सक्यौ नत निर्वाध इन्धन आपूर्तिको व्यवस्था गर्न सक्यौ । विद्युत विकास र इन्धनको सहज आपूर्तिका लागि सरकारको स्वामित्वमा खडा भएका नेपाल विद्युत प्राधिकरण र नेपाल आयल निगम दुवै आफ्नो उद्देश्य हासिल गर्नमा पूर्णतः विफल भएका छन् । अव त प्रश्न यो हो, नेपाल राज्य यिनका लागि हो वा यी नेपालका लागि । एकाधिकारको अन्त्य हुनै पर्दछ ।

३२. राज्यले कुनै पनि निर्णयहरु गर्दा निकै सोचेर विचार गरेर मात्र गरोस भन्ने हाम्रो धारणा हो । जस्तो नाकावन्दीका समयमा मुलुकभित्र इन्धनको चरम अभाव हुंदा निजी क्षेत्रबाट समेत इन्धन आपूर्ति गराउने सरकारले निर्णय गऱ्यो । तर पछि इन्धनको सहज आपूर्ति नहुंदै स्वप्रयोजनका लागि समेत

पेट्रोलियम आयातको इजाजत एकाएक बन्द गरियो । आखिरमा कुनै निर्णय गर्दा दीर्घकालसम्म त्यसको असरको समिक्षा गरेर मात्र निर्णय गरिनु पर्दथ्यो भन्ने हाम्रो मान्यता हो । उसैत त्रसित उद्योगी व्यवसायीहरु सरकारको यस्ता निर्णयबाट झन सशंकित भएका छन् ।

३३ यसै वर्षको प्रारम्भमा गएको विनासकारी भुकम्पबाट व्यवसाय क्षेत्रले निकै ठूलो नोक्सानी व्यहोर्नु पऱ्यो । पर्यटन लगायत निकासीमा आधारित साना उद्यमी व्यवसायीहरु यसको प्रत्यक्ष मारमा परे । तेस्रो मुलुकमा निर्यात हुने पश्मिना, गलैंचा, हस्तकला लगायतको उत्पादनमा ठूलो असर पारेको छ । उनीहरुको ९९ प्रतिशत व्यवसायमा क्षति पुगेको छ । अहिले पनि काठमाडौं, भक्तपुर, ललितपुरका प्रमुख पर्यटकीय सम्पदाहरु टेकोमा अडिएका छन् । भुकम्पबाट प्रभावित व्यवसायीलाई व्यवसाय उत्थानका लागि कुनै पनि प्रकारको राहत प्याकेज आउन नसकेकाले तत्काल राहत प्याकेजको घोषणा गरियोस ।

सम्माननीय प्रधानमन्त्रीज्यू,

३४. राष्ट्रको आर्थिक समृद्धिका लागि सम्माननीय प्रधानमन्त्रीज्यूबाट व्यक्त प्रतिवद्धता तथा निजी क्षेत्रका उद्यमी व्यवसायीहरुसंगको अन्तरक्रियामा यस विषयमा लिनु भएको गहिरो अभिरुचीबाट हामी अत्यन्त उत्साहित भएका छौं । सम्माननीय प्रधानमन्त्रीज्यूबाट हालै सम्पन्न मित्र राष्ट्र भारत तथा चीनको औपचारिक भ्रमणका क्रममा औपचारिक तथा अनौपचारिक समयका वखत पनि निजी क्षेत्रसंग यस विषयमा गर्नु भएको परामर्शले हामीलाई जुनरुपमा उत्साहित वनाएको छ, राज्यका निकायबाट सोही अनुरुपको व्यवहारको अपेक्षा निजी क्षेत्रले गरेको छ ।

३५. रोजगारी अभिवृद्धि र आर्थिक विकासका लागि निजी क्षेत्रको प्रतिनिधिमुलक संस्था महासंघले सवै राजनीतिक दलहरु समक्ष न्यूनतम साझा आर्थिक एजेण्डा (Common Economic Agenda) का लागि विगत देखिनै पटक पटक सुझावहरु दिंदै आएको स्मरण गराउन चाहान्छु ।

३६. न्यून आर्थिक वृद्धिदर र रोजगारीका अवसरको कमी, चूलिंदो व्यापार घाटा, चरम उर्जा संकट, विकासको असमान वितरण,

कमजोर पूर्वाधार, विग्रदो सामाजिक सुरक्षा, कमजोर शासन प्रणालीनै अहिलेको आर्थिक विकासको मुख्य चुनौती रहेको हाम्रो निश्कर्ष छ । उल्लेखित चुनौतीहरुको सामना गरि मुलुकलाई औद्योगिक विकास सहितको आर्थिक विकासको मार्गमा अगाडी बढाउन सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष केही महत्वपूर्ण सुझावहरु राख्ने अनुमती चाहान्छु ।

(क) हामी आर्थिक विकासका लागि कम्तिमा न्यूतम साझा आर्थिक एजेण्डा बनाऔं । जसबाट सरकार परिवर्तन हुंने वित्तिकै त्यसले आर्थिक नीति तथा कर्मचारीतन्त्रमा समेत परिवर्तन भई विकासनै अवरुद्ध नहोओस ।

(ख) राजनीतिक मतभिन्ताका कारण कार्यान्वयन हुन नसकेका मुख्य पूर्वाधार निर्माण परियोजनाहरु जस्तै काठमाण्डौं तराई फास्ट ट्रयाक, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विमानस्थलहरु, ठूला हाइड्रोपावरहरु जस्ता राष्ट्रिय महत्व र गौरवका आयोजना एवं परियोजनाहरुको निर्माणमा सार्वजनिक निजी साझेदारीप्रति प्रतिवद्धता जनाऔं ।

(ग) केहि महिना भित्रै नयां श्रम ऐन लगायत निजी क्षेत्रले माग गर्दै आएका अन्य केही महत्वपूर्ण ऐनहरु पारित गरि लागू गरौं ।

(घ) नीतिगत स्थायित्व कायम गरौं । जुनसुकै दलले सरकारको नेतृत्व गरेपनि कम्तीमा १०/१५ वर्षसम्म नीतिगत परिवर्तन नहुने सुनिश्चित गरौं ।

(ङ) नेपालमा उर्जा शक्तिको अभाव छ भन्नेमा हामी सबै सहमत होऔं । उर्जा शक्तिको विकास एवं ब्यापार सम्झौताको लागि छिमेकी मुलुकसंग समुचित सम्झौता गरौं । लगानीकर्ताको राष्ट्रियताका आधारमा लगानीमा विभेदको अन्त्य गरौं ।

(च) अर्थतन्त्रको निरन्तर प्रगतिका लागि कुनैपनि प्रकारको बन्द अवरोध सृजना नगर्ने र औद्योगिक शान्ति कायम गर्न सबै पक्षबाट प्रतिवद्धता जाहेर गरौं ।

३७. मुलुकभित्र उद्योग स्थापनाका लागि त्यसपूर्व गर्नुपर्ने प्रारम्भिक वातावरण परिक्षण (IEE), वातावरण प्रभाव मुल्यांकन (EIA),

जग्गा प्राप्ति, वातावरण संरक्षण लगायतका मुद्धाहरु अव्यवहारिक रुपमा आउने गरेका छन् । यसैलाई Issue वनाएर स्थानीय दवाव समूह गठन हुन्छन् । तीनै समूहबाट अगाडी सारिने तर्कहिन पुरै गर्न नसकिने मागहरुका कारण लगानीकर्ताहरु निरुत्साहित हुंदै लगानीनै नगर्ने परिस्थिति सृजना भैरहेका छन् । यस सम्बन्धमा नेपाल सरकारबाट यी सवै मुद्दाहरुलाई समाधान गरि लगानी उन्मुख वातावरण वनाउन एकद्वार प्रणाली मार्फत छिटोछरितो निर्णय गर्ने संयन्त्र निर्माण एवं परियोजना स्थलमा शान्ति सुरक्षाको प्रत्याभुतिका लागि आग्रह गर्दछु ।

३८. अव हामीले हाम्रो अर्थतन्त्रलाई राष्ट्र र नेपाली जनतालाई लाभ दिने हिसावले पुन निर्माण गर्नै पर्दछ । उपयुक्त वातावरण भएमा यो काम गर्न निजी क्षेत्र सक्षम छ । विगत २०–२५ वर्षको अवधिमा नेपाली निजी क्षेत्रको दायरा निकै फराकिलो भएको छ । यस अवधिमा नागरिक उड्डयन, बैकिंग, पर्यटन, शिक्षा, स्वास्थ्य, हाउजिंग, यातायात, उत्पादनमूलक जस्ता व्यवसायले मारेको फड्को तथा उनीहरुले देखाएको विकासको

क्रमले यसलाई पुष्टि गर्दछ । हामी सरकारबाट नीजि क्षेत्रको विकासमा कुनै पनि प्रकारको अंकुश लगाउने नीति वा व्यवहार नहोस भन्ने अपेक्षा गर्दछौं ।

३९. वेरोजगारी हाम्रो प्रमुख समस्या हो । बढी रोजगारी सृजना गर्नु छ भने अर्थतन्त्रमा लगानी बढाउनुनै एकमात्र उपाय हुने हाम्रो मान्यता छ । लगानीलाई कूल गार्हस्थ उत्पादनको कम्तिमा ४० प्रतिशतको हाराहारीमा पुऱ्याउनै पर्दछ । उत्पादनमुलक क्षेत्रमा लगानी तथा वचत गर्न प्रोत्साहन गर्ने नीति अवलम्वन गर्नै पर्दछ । सिमित वर्जित क्षेत्रहरु वाहेक मुलुकको हितलाई सर्वोपरि राखी सवै क्षेत्रमा वैदेशिक लगानी खुला गरिनुपर्ने हाम्रो धारणा छ । म आजको यस अवसरमा सवै सरोकारवालाहरुसंग अर्थतन्त्रलाई केन्द्र विन्दूमा राखेर अगाडी बढ्न आग्रह गर्दछु । बलियो, पुष्ट र स्वस्थ अर्थतन्त्र विना कुनै पनि लोकतन्त्रको गुन्जाइस छैन

४०. लगानीको वातावरण सृजनाका लागि विद्युत ऐन, विशेष आर्थिक क्षेत्र सम्बन्धी ऐन, बैक तथा वित्तिय संस्था ऐन, फौजदारी तथा देवानी संहिता, कम्पनी ऐन, एन्टीडम्पिङ, एकिकृत वौधिक

सम्पत्ति, औद्योगिक व्यवसाय, वैदेशिक लगानी सम्बन्धी, वैदेशिक व्यापारलाई नियमन गर्ने जस्ता विषयमा नयां ऐन तर्जुमा गर्नु वा भएका ऐनमा सुधार गर्नु आवश्यक छ । आजैबाट यी र यस्तै कानूनमा हुने सुधारका सम्बन्धमा निजी क्षेत्रसंगको सहकार्य शुरु गरिनु पर्दछ र आवश्यक परेमा अध्यायदेश मार्फत भएपनि जारी गरिनु पर्दछ भन्ने हाम्रो जोड छ ।

४१. मुलुकमा हरेक वर्ष ३ लाख ५० हजार देखि ४ लाख व्यक्तिहरु श्रम बजारमा प्रवेश गर्ने गरेका तथ्यांकहरु सार्वजनिक भैरहेका छन् । अहिले धेरै यूवाहरुले विदेशमा रोजगारी गरिरहेका छन् । जीवनको सवभन्दा उर्जावान समय लाखौ नेपाली युवाहरुले अरुको मुलुक बनाउने काममा रगत पसिना बगाइरहेका छन् । त्यस्तै सहनै नसक्ने गर्मीका कारण हुने मृत्युबाट मृत शरीर आउने तथ्यांकले हामीलाई मर्माहित तुल्याउनै पर्दछ । श्रम श्रक्तिको निकासीबाट कुनै पनि देश धनी र स्वभिमानी हुन सक्दैन । धनी र स्वाभिमानी हुने भनेको मुलुकमानै उद्योग र व्यावसायको बिकास गरेरनै हो । हामीले आफ्नै देशभित्र

रोजगारी सृजना गर्नु पर्छ, हामीले नेपाली जनतामा उद्यमशिलताको विजारोपण गर्नु पर्दछ, स्वदेश र वाहिरबाट लगानी आकर्षण गर्नु पर्दछ । हाम्रा यूवाहरुको उद्यमशीलता विकासको प्रचुर सम्भाव्यतालाई यथार्थतामा रुपान्तरण गर्न वित्तिय पहुंच तथा नविन कार्यका लागि सहुलियत दिने जस्ता उचित वातावरण बनाउन जरुरी छ ।

४२. नेपाल यूवाहरुको वाहुल्यता भएको देश हो । आजका यूवा उर्जावान, नविन सोंच, परिवर्तनका संवाहक पनि हुन । यो समय, डेमोग्र्याफिक डिभिडेण्डको समय हो । विकसित देशमा जस्तो यूवा जनशक्तिको खडेरी हामीले व्यहोर्नु पर्ने छैन । जुन आँकडाले हामीलाई मुलुकको अर्थतन्त्रको विकासका लागि एउटा वलियो आधार र भरोसा दिएको छ, जसलाई राष्ट्रले सही सदूपयोग गर्न सक्नु पर्दछ ।

आमन्त्रित अतिथिगण,

४३. कृषिलाई व्यवसायिक रुप दिन नेपाल उद्योग वाणिज्य महासंघले सरकारको समेत सहयोग र सहकार्यमा एक गाउं एक उत्पादन, एक जिल्ला एक उत्पादन कार्यक्रम विभिन्न जिल्लाहरुमा

शुरुवात गरेको छ । यसैको प्रयास स्वरुप सिन्धुली र रामेछापमा जुनार खेतीको प्रवर्द्धनका लागि जुस फ्याक्टीको स्थापना, हरियो तथा ताजा तरकारीको लागि धादिङमा चिस्यान केन्द्रको स्थापना, सिंगो कर्णाली अंचलमा रहेको जडीवूटीको अपार सम्भाव्यतालाई हेरेर जडीबूटी संकलन, प्रशोधन तथा मुल्य अभिवृद्धिका लागि सुर्खेतमा संकलन केन्द्रको स्थापना, पूर्वमा अदुवा, अलैचीको प्रशोधन, तरकारीको विउविजनका लागि रोल्पा, रुकुम तथा प्यूठानमा प्याकेजिङ सुविधाका लागि कार्यहरु गर्दै आएका छौं ।

४४. त्यसैगरि समग्र मुलुककै प्रवर्द्धन गरि मुलुकभित्र लगानी आकर्षण गर्ने उद्देश्यले महासंघले नेपाल सरकारको सहयोगमा प्रत्येक वर्ष नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला आयोजना गर्दै आएको छ । अन्तर्राष्ट्रिय व्यापार मेलाको बढ्दो महत्वलाई विचार गरि यसलाई आगामी दिनमा अझ बढी विशिष्टिकृत र परिष्कृत गर्दै लगिने छ । नेपालको वनजन्य उत्पादनहरुको व्यवसायीकरणमा जोडदिंदै रोजगारी सृजना, विदेशी मुद्रा आर्जन मार्फत राष्ट्रिय अर्थतन्त्रमा सघाउ पुऱ्याउन महासंघले नेपाल

सरकार, वहुसरोकारवाला वन कार्यक्रमसंगको सहकार्यमा विभिन्न जिल्लाहरुमा वनमा आधारित उद्यम विकास कार्यक्रम शुरुवात गरेको छ । हाम्रा यी स-साना प्रयासहरु मुलुकको उत्थानका लागि महत्वपूर्ण हुने हाम्रो विश्वास छ । र आगामी दिनमा यस्ता कार्यलाई अझ विस्तार गरिने छ ।

४५. एशियाका दुई उदियमान आर्थिक शक्ति राष्ट्रहरु भारत र चीनको बीचमा हामी रहेका छौं । नेपालले यी दुवै राष्ट्रहरुको विकासबाट पर्याप्त फाइदा लिन सक्नु पर्दछ । हामीले दुवै राष्ट्रहरु बीचको सम्बन्धलाई अत्यन्त संतुलित ढंगबाट अगाडी बढाउनु पर्दछ । नेपालको विकासमा दुवै राष्ट्रबाट उत्तिकै चासो र सहयोगको प्रतिवद्धता आएका छन् । सम्माननीय प्रधानमन्त्रीज्यूबाट हालै सम्पन्न दुवै देशको औपचारिक भ्रमणका वखत भएका सहमती संझौतालाई आधार बनाएर हामीले हाम्रो समुन्नतीका लागि हाम्रो नजिकको सम्बन्धको उपयोग गर्नै पर्दछ । एक छिमेकीको विकल्प अर्को छिमेकी हुन सक्दैन । नेपालको भारतसंगको सम्बन्धको आफ्नै महत्व र इतिहास छ भने चीनसंगको आफ्नै । आपसी सम्बन्ध, आवश्यकता,

सहजता, व्यवसायिक स्थायीत्वका आधारमा आर्थिक सम्बन्ध स्थापित गर्नु पर्ने हाम्रो जोड छ ।

४६. महासंघले दशकौंदेखि नेपालको अर्थतन्त्रलाई टेवा दिनका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय साझेदारहरुसँग मिलेर कार्य गर्दै आएको छ । महासंघले नेपाल सरकार सहित UNDP, ILO, World Bank, IFC, UNHABITAT, UN WFP, JICA, ADB, IFAD, USAID, DFID, GIZ, SNV, DANIDA, KOTRA, जस्ता विकासका साझेदारहरु एवं नेपालस्थित भारतीय, चिनियां, अमेरिकी जापानी, जर्मन र अन्य मुलुकका दुतावाससँग उद्योग व्यवसायको विकासका लागि सहकार्य गर्दै आएको छ । यस अवसरमा विकासका लागि सवै साझेदारहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अव हाम्रा साझेदारहरुलाई महासंघसँगको सहकार्यलाई अझ प्रगाढ बनाउन आव्हान गर्दछु ।

४७. यस समारोहमा महासंघका सदस्य संघ संस्थाहरुलाई उनीहरुको समग्र कार्य प्रणालीको मुल्यांकन गर्दै कदर सम्मान गरिदै छ । महासंघले विगत केही वर्ष अगागी देखि आर्थिक पत्रकारिता क्षेत्रमा कलम चलाउने पत्रकारहरुलाई आर्थिक पत्रकारिता

पुरस्कार प्रदान गर्ने घोषणा समेत गरेको थियो । विभिन्न कारणबाट उक्त पुरस्कार प्रदान गर्न नसकेको सन्दर्भमा यसै साधारण सभाबाट त्यसको शुरुवात हामी आर्थिक पत्रकारहरुको संस्था नेपाल आर्थिक पत्रकार समाज(सेजन)लाई पहिलो पटक सम्मान गरि त्यसको औपचारिक शुभारम्भ गर्दैछौं । सम्मानित सवैलाई अग्रिम बधाई सहित शुभकामना दिंदै आउंदा वर्षहरुमा आर्थिक पत्रकार विशेषलाई समेत सम्मान गरिने प्रतिवद्धता जाहेर गर्दछु ।

उपस्थित आमन्त्रित अतिथिगण,

४८. महासंघ ५० औं वर्षमा प्रवेश गरेका अवसरमा नयां वर्ष २०७३ सालको वर्षैभरि विविध कार्यक्रमहरु गरि मनाउने घोषणा म यसै समारोह मार्फत गर्दछु । स्वर्ण महोत्सव वर्षलाई मुलुकको समग्र प्रगतिमा समर्पण गर्ने हामी प्रण गर्दछौं । वर्षदिनभरि आयोजना हुने हाम्रा कार्यक्रमहरु मुलुकको समृद्धिमा केन्द्रीत हुनेछन् । मुलुकभित्र औद्योगिक व्यवसायिक वातावरण निर्माण, राजनीतिक स्थिरता, नीतिगत स्थायित्वका लागि सरकार सहित

प्रमुख राजनीतिक दलहरुको प्रतिवद्धता एवं सहयोगको अपेक्षा गर्दछौं ।

४९. उद्योग वाणिज्य दिवसका अवसरमा राष्ट्रको समृद्धिका लागि आगामी दिनमा सरकारसंग कांधमा कांघ मिलाएर जाने प्रतिवद्धता जाहेर गर्दछौं । निजी क्षेत्रलाई एक वलियो साझेदारको रुपमा लिई राष्ट्रको समृद्धिमा निजी क्षेत्रसंग रहेको क्षमताको भरपुर उपयोग गर्न सरकारबाट दह्रो वचनवद्धताको अपेक्षा गर्दै उद्योग वाणिज्य दिवस २०७२ को अवसरमा पुनः एकपटक सवैमा हार्दिक शुभकामना प्रकट गर्दछु ।

५०. "**देशलाई दीर्घकालिन संकटबाट मूक्त गर्दै आर्थिक प्रगतिका लागि हामी आफ्ना कार्यशैली एवं दृष्टिकोणमा परिवर्तन गर्न तयार होऔं, सोको प्रारम्भ आजैबाट गरौं**"भन्दै आजको यस गरिमामय सभामा प्रमुख अतिथि, विशिष्ट अतिथिहरु, महासंघका मेरा अग्रजहरु एवं समस्त प्रतिनिधि साथीहरुको पुनः स्वागत गर्दै उपस्थितिका लागि आभार व्यक्त गर्दछु ।

५१. नयां वर्ष हामी सवैको घरघरमा आइसकेको छ । यसर्थ, नव वर्ष २०७३ को पूर्व सन्ध्यामा नेपाल उद्योग वाणिज्य महासंघको

र मेरो व्यक्तिगत तर्फबाट समेत यहाँहरु सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै नयां वर्ष २०७३ तथा महासंघको स्वर्ण वर्षका अवसरमा शुभकामना स्वरुप यो उत्प्रेरणात्मक गीत प्रस्तुत गर्दै मेरो मन्तव्य यही अन्त्य गर्दछु ।

धन्यवाद ।

२०७२ चैत्र २८ गते, आइतवार, काठमाडौं ।